गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, कास्की, नेपाल

**प.सं.** :- ०८३/८४

**च.नं.** :- युवा/४७

**मिति** :- वि.सं. २०८३/०४/१५

**ने.स.** :- ११४६ दिल्लागा.२ शुक्रवार

विषयः खुला युवा कविता प्रतियोगिता सम्बन्धमा ।

गण्डकी प्रदेशका साहित्यानुरागी सम्पूर्ण युवाहरु

।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखराको

**खुला युवा कविता प्रतियोगिता** सम्बन्धी सूचना

समाज र राष्ट्रमा युवाको योगदान एवं युवाको चासो, आकांक्षा र मुद्दाहरुको पहिचान गरी तिनीहरुको सम्बोधन मार्फत शासन शक्तिको सबै तहमा युवाको सहभागिता अभिबृद्धि गरी उनीहरुको सशक्तिसकरण गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले सन् २००० देखि प्रत्येक वर्ष अगस्ट १२ गते मनाइँदै आएको अन्तर्राष्ट्रिय युवा दिवस यस वर्ष ''Different Contexts, Common Aspirations'' (अर्थात् ''भिन्न परिवेश, साझा आकांक्षा'') भन्ने मूल अन्तर्राष्ट्रिय नाराका साथ मनाइने तय भएको छ। गण्डकी प्रदेशमा समेत श्रावण २१ देखि २७ गतेसम्म विभिन्न क्रियाकलाप सञ्चालन गरी अन्तर्राष्ट्रिय युवा दिवस, २०२६ लाई सप्ताहव्यापी रुपमा मनाउने निर्णय भएको छ। यसै सन्दर्भमा यस मन्त्रालयको मिति २०८३।०४। १५ को निर्णयानुसार गण्डकी प्रज्ञा प्रतिष्ठानसँगको समन्वय र सहकार्यमा युवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, कानून, संरचना, युवाको अवधारणा, आकांक्षा, भावना, युवा उद्यमशीलता, युवा रोजगारी, युवा पलायन, राष्ट्र निर्माणमा युवाको भूमिका, युवाको विकासमा राष्ट्रको भूमिका लगायतका विषयको परिधिभित्र रही गण्डकी प्रदेशका १६-४० वर्ष उमेर समूहका इच्छुक युवाको सहभागितामा **गण्डकी प्रदेश स्तरीय खुला युवा कविता प्रतियोगिता** सञ्चालन हुन गइरहेको हुँदा उक्त कार्यक्रममा इच्छुक युवाहरुको सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ। कविता प्रतियोगिता सम्बन्धमा अन्य विषय तपसिल बमोजिम हुने बेहोरा समेत अनुरोध छ।

तपसिल

१. गण्डकी प्रदेशको १६-४० वर्ष उमेर समूहको युवाले मात्र कार्यक्रममा सहभागिता जनाउन सक्नेछन्,

२. तोकिएको विषय क्षेत्र भन्दा बाहिरको कवितालाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन,

३. इच्छुक युवाले तपसिलका विषय स्पष्ट खुलाई मिति २०८३/०४/२१ गते दिउँसो ५:०० (पाँच) बजेभित्र आफ्नो कविता यस मन्त्रालयमा उपस्थित भइ सक्कलै बुझाउनुहुन वा तपसिलको email ठेगानामा पठाउन सक्नु हुनेछ :

तपसिल

(क) कविताको शीर्षक,

(ख) सहभागीको नाम, थर, जन्म मिति, उमेर, ठेगाना र सम्पर्क मोबाइल नं.,

(ग) email: ykm2081@gmail.com र narayan.banstola@nepal.gov.np (दुबैमा पठाउनुहुन)

४. मिति २०८३।०४।२१ गते ५:०० बजे पश्चात् कुनै पनि माध्यमबाट प्राप्त हुने कवितालाई प्रतियोगितामा सहभागी गराउन मन्त्रालय बाध्य हुने छैन,

५. प्राप्त कविताहरुको प्रारम्भिक मूल्याङ्कन गरी मिति २०८३/०४/२५ गते संक्षिप्त सूचीमा परेका प्रतियोगीहरुको नामावली यस मन्त्रालयको website मा प्रकाशित गरिनेछ,

गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, कास्की, नेपाल

६. संक्षिप्त सूचीमा परेका प्रतियोगीहरुले मिति २०८३/०४/२७ गते गण्डकी प्रज्ञा प्रतिष्ठानको पोखरा-१, बगर कास्कीको भानु हलमा आयोजना हुने कविता वाचन प्रतियोगितामा सहभागिता जनाउनुपर्नेछ,

७. कविता वाचन प्रतियोगितामा उत्कृष्ट ५ (पाँच) वटा प्रतियोगीहरुलाई तपसिल बमोजिम पुरस्कृत गरिनेछ:

(क) प्रथम पुरस्कार : नगद रु. १५०००।–(पन्ध्र हजार रुपैयाँ) र प्रमाणपत्र

(ख) द्वित्तीय पुरस्कार : नगद रु. १२०००।–(बाह्र हजार रुपैयाँ) र प्रमाणपत्र

(ग) तृतीय पुरस्कार : नगद रु. १०,०००।–(दश हजार रुपैयाँ) र प्रमाणपत्र

(घ) सान्त्वना पुरस्कार (दुई जना) : नगद रु. ५,०००।–(पाँच हजार रुपैयाँ) र प्रमाणपत्र प्रति प्रतियोगी

८. कविता प्रतियोगिता सम्बन्धमा अन्य विषय गण्डकी प्रज्ञा प्रतिष्ठानसँगको समन्वयमा यस मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

९. अन्य आवश्यक जानकारीको लागि यस मन्त्रालयका अधिकृत श्री रिता लम्साल सापकोटा (९८४६३८०९०२) लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Narayan Prasad Banstola
npbanstola@yahoo.com

(नारायण प्रसाद बाँस्तोला)
बरिष्ठ प्रशासकिय अधिकृत